# जनमत सङ्ग्रहमा नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन) को नीति

**रामप्रकाश पुरी**

**एमफिल लिड पी.एच.डी. शोधार्थी**

**इमेल : rpp2029@gmail.com**

Doi: 10.3126/voh.v33i1.87302

**साररङक्षेप**

*जनमत सङ्ग्रह भनेको कुनै विषयमा निर्णय दिने जनताको रायको सङ्ग्रह हो । वि.सं.२०३५ को अन्त्यतिर आरम्भ भएको विद्यार्थी आन्दोलनले जनआन्दोलनको रूप लिएपछि त्यसको दबाबको परिणामस्वरूपवि.सं.२०३६ जेष्ठ १० गते तत्कालीन राजा वीरेन्द्रले पञ्चायती व्यवस्थामा सामयिक सुधार वा बहुदलीय व्यवस्थामध्ये एउटा छान्न बालिग मताधिकारको आधारमा जनमत लिइने भनेर जनमत सङ्ग्रहको घोषणा गरेका थिए । नेपाल कम्युनिस्ट पार्टी चौथो महाधिवेशनको जनमत सङ्ग्रह नीति पहिले बहिष्कार र पछि उपयोगको रहेको थियो । आरम्भमा चौथो महाधिवेशनले जनमत सङ्ग्रह आन्दोलनलाई कमजोर बनाउनका लागि ल्याइएको षड्यन्त्र वा धोका बताएर त्यसलाई बहिष्कार गर्ने र जारी आन्दोलनलाई निरन्तरता दिने निर्णय गरेको थियो । जनमत सङ्ग्रहको बहिष्कार नीतिले राजाको जनआन्दोलनलाई कमजोर पार्ने रणनीतिको भण्डाफोर गर्ने प्रयास गर्‍यो । जनआन्दोलनप्रति प्रतिबद्धता दर्साएर सैद्धान्तिक रूपमा अडिक रह्यो । आन्दोलन सेलाउँदै गएपछि राजनीतिक आवश्यकताको मिल्दोजुल्दो बाटो र उपायद्वारा विद्यमान अवस्थाभन्दा प्रगतिशील पक्षलाई समर्थन गर्ने नीति लियो । त्यही नीति अनुसार जनमत सङ्ग्रहमा भाग लिने नीति अगाडि सारिएको थियो । बहिष्कारको नीति सैद्धान्तिक र व्यावहारिक रूपमा आन्दोलनको निरन्तरता र विकास गरी बहुदल स्थापना गर्ने उद्देश्यसँग जोडिएको थियो भने उपयोगको नीति बहुदल पक्षलाई बलियो बनाउने उद्देश्यसँग सम्बन्धित थियो । चौथो महाधिवेशनले जनमत सङ्ग्रहलाई कार्यनीतिक बनाउँदै देशको राजनीतिक आवश्यकताका आधारमा बहिष्कार वा उपयोगको नीति अपनाएको थियो । आन्दोलनको शक्ति र तत्कालिक राजनीतिक परिस्थिति बिचमा सन्तुलन कायम गर्न यस्तो नीति अवलम्बन गरिएका थिए । यो अध्ययनको उद्देश्य चौथो महाधिवेशनको जनमत सङ्ग्रह बहिष्कार र उपयोग नीति स्पष्ट पार्नु रहेको छ ।*

***शब्दकुञ्जी :*** *उग्रवामपन्थी,चेतनास्तर,जनसङ्घर्ष, द्वन्द्वात्मक, सामन्ती-केन्द्रित ।*

## परिचय

नेपाल प्रज्ञा-प्रष्ठिानकोबृहत् नेपालीशब्दकोशमा जनमत शब्दको अर्थ दुई वा दुईभन्दा बढी विकल्प भएमा कुनै एकमा निर्णय दिन गरिने मतदान; जनताको राय; लोकमत, संवैधानिक विवाद खडा भएमा सङ्ग्रह गरिने नागरिकहरूको मत भनी अर्थ दिइएको छ । अक्सफोर्ड डिक्सनरीमा रिफेयरन्डम् शब्दको अर्थ देशका सबै जनतालाई सहभागी गराएर महत्त्वपूर्ण विषयमा लिइने मतदान भन्ने अर्थ रहेको छ । जनमत सङ्ग्रह सम्बन्धी अहिलेको अर्थभावसित कतिपय

परिभाषा ठ्याक्कै मिल्ने र कतिपयले त्यस प्रकारको अर्थ प्रदान गर्ने विभिन्न विद्वत् मत पनि प्रकट हुँदै आएका छन् । प्रत्येक सम्प्रभुता कार्यमा मतदान गर्ने अधिकारबाट नागरिकहरूलाई केहीले पनि वञ्चित गर्न सक्दैन (रूसो, २०१९) । उनी नागरिकहरूलाई प्रत्यक्ष रूपमा कानुन निर्माणमा सहभागी गराउनुपर्ने विचार राख्दथे, जुन आजको जनमत सङ्ग्रहको अवधारणासँग मेल खान्छ । कुनै प्रस्तावहरूलाई कानुनको रूपमा लागु हुनुअघि जनताको मतदानमा प्रस्तुत गर्नुपर्छ । जनताको पहल र जनमत सङ्ग्रहलाई एकआपसमा विभिन्न तरिकामा मिलाउन सकिन्छ (केल्सेन, १९४९) ।उनको विचारमा जनमत सङ्ग्रह आवश्यकता भएमा प्रयोगमा ल्याएर जनतालाई निर्णय गर्ने अधिकार दिनुपर्छ भन्ने थियो । आफैंले मुद्दामा निर्णय लिनुपर्छ भन्ने मागलाई जनमत सङ्ग्रहले पूरा गर्नेछ (सार्टरी, १९८७) । उनले जनता आफै निर्णयमा सहभागी हुने भन्ने राजनीतिक मागको पूर्तिको रूपमा यसलाई लिएको पाइन्छ ।सार्वजनिक कामकाजको सानोभन्दा सानो भागमा समेत जनताको सहभागिता उपयोगी हुन्छ । समुदायको समग्र सुधारको स्तरले अनुमति दिएसम्म जनसहभागिता अधिकतम हुनुपर्छ (मिल, २००९) । उनले निर्णय प्रक्रियामा जनताको सहभागितालाई महत्त्व दिएका छन् । यस परिभाषाको साझा अर्थ जनमत सङ्ग्रह भनेको कुनै विषयमा निर्णय दिने जनताको रायको सङ्ग्रह हो । विद्यमान व्यवस्थाको विकल्प चयन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, कानुन, संविधान लगायतका विषयमा जनताले आफ्नो अभिमत दिई निर्णयलाई टुङ्गोमा पुऱ्याउने एक राजनीतिक प्रक्रिया हो, जसमा जनता नै निर्णायक भूमिकामा रहन्छन् ।

नेपालमा राजाद्वारा प्रशासित पञ्चायती व्यवस्थाबारे नेपाली जनताले गम्भीर प्रश्न उठाउँदै आएका थिए । राजा-केन्द्रित, सामन्ती-केन्द्रित र अधिनायकवादी संरचनाले शक्ति केन्द्रको सन्तुलन बनाउन राजालाई शिखरमा राखेको थियो अर्थात् सार्वभौमसत्ता राजामा केन्द्रित थियो । जनताको अधिकारको स्थिति निरीह बनेको थियो । निरङ्कुश र निर्दलीयता हुनुका साथै, राजनीतिक स्वतन्त्रताविहीन त्यो व्यवस्थामा सङ्कट बढ्दै गएर दिनानुदिन त्यसको निरर्थकता व्यापक बन्न गयो । सञ्चार माध्यमहरूले त्यो कुरा स्पष्ट बताइरहेका थिए । सन् १९७९ को अप्रिल-मे सङ्कटको दौरानमा, दुईवटा सरकारी दैनिकहरूबाहेक अन्य अधिकांश सञ्चारमाध्यमहरू आफ्नो सामान्य कार्यशैलीबाट भिन्न हुँदै, स्वतःस्फूर्त रूपमा विकसित हुँदै गएको जनआन्दोलनको पक्षमा उभिए । त्यो समयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा परिवर्तित हुँदै गइरहेका घटनाक्रमहरूले सञ्चारमाध्यमहरूलाई पहिलेभन्दा अझ धेरै हौसला दिएको देखिन्थ्यो । एउटा अर्थमा, जुन शासन प्रणाली आफैंमा असफल देखिन थालेको थियो, त्यसले पनि सञ्चारमाध्यमहरूलाई यसका कमजोरीहरू विरुद्ध खुला रूपमा बोल्न प्रेरित गऱ्यो (बराल, १९८४) । यस प्रकारको स्थितिमा२०३५ साल चैत्र २४ बाट सुरु भएको विद्यार्थी आन्दोलनले जेठ महिनाको आरभम्सम्म देशव्यापी जनआन्दोलनको रूप लियो । त्यो जनआन्दोलन पञ्चायती व्यवस्था विरुद्ध लक्षित थियो । त्यस आन्दोलनको परिणामस्वरूप २०३६ जेष्ठ १० गते बिहान ६.४५ बजे तत्कालीन राजा वीरेन्द्रले पञ्चायती व्यवस्थामा सामयिक सुधार वा बहुदलीय व्यवस्थामध्ये एउटा छान्न बालिग मताधिकारको आधारमा जनमत लिइने भनेर जनमत सङ्ग्रहको घोषणा गरेका थिए (पन्त, २०५९)।यसरी सुधारिएको पञ्चायत वा बहुदलीय व्यवस्था भन्ने विषयमा निर्णय गर्न जनमत सङ्ग्रहको घोषणा भएको थियो ।पञ्चायत इतरका शक्तिहरूमा जनमत सङ्ग्रहलाई समर्थन गर्ने प्रतिबन्धितनेपाली काङ्ग्रेस र केही विभिन्न कम्युनिस्ट घटकहरू थिए । जनमत

सङ्ग्रहलाई बहिष्कार गर्ने केही विभिन्न कम्युनिस्ट घटकमध्ये नेपाल कम्युनिस्ट पार्टी(चौथो महाधिवेशन) लाई पनि बहिष्कारवादी भनेर उल्लेख गरिएको पाइन्छ । सुरुमा चौथो महाधिवेशनले जनमत सङ्ग्रह आन्दोलनलाई कमजोर बनाउनका लागि ल्याइएको षड्यन्त्र वा धोका बताएर त्यसलाई बहिष्कार गर्ने र जारी आन्दोलनलाई निरन्तरता दिने निर्णय गरेको थियो(नेपाल कम्युनिस्ट पार्टी (मसाल), २००२) । त्यो बहिष्कारको नीतिमा पटकपटक हेरफेर गरियो र अन्तिममा जनमत सङ्ग्रहमा भाग लिने निर्णय भएको थियो । जनसङ्घर्षको उभार उठ्न नसकेको हुँदा हामीले तुलनात्मक रूपमा हेर्नुपर्दछ र यस्तो परिस्थितिमा बहुदलीय व्यवस्थालाई समर्थन गर्नुपरेको थियो (नरबहादुर कर्माचार्यसँग वैशाख १४, २०३७ मा लिएको अन्तर्वार्ता) । जनमत सङ्ग्रह राजाबाट अगाडि सारिएको विषय भएकाले आन्दोलनको मोर्चामा रहेको कम्युनिस्ट शक्तिले त्यसबारे गर्ने निर्णयले जनताको आन्दोलनलाई केन्द्रमा राख्नु उपयुक्त थियो । आन्दोलनको उभार उठेको बेलामा आन्दोलनाको पक्षमा उभिने कि राजाद्वारा घोषणा गरिएको जनमत सङ्ग्रहलाईसमर्थन गर्ने ? आन्दोलनको उभार सेलाएर गएपछि के गर्ने ? यी र यस्ता प्रश्नहरूका विषयमा खोज अध्ययन गर्नु यस लेखको अनुसन्धान प्रश्न रहेको छ ।

**साहित्य समीक्षा**

लोकराज बराल (१९८४) ले नेपाल्स् पोलिटिक्स अफ् अ रेफ्रेन्डम : अ स्डडी अफ ग्रुप्स् पर्सनाटिलिज एण्ड ट्रेन्ड्स्. मा जनमत चौथो महाधिवेशनले बहिष्कार गरेको थियो भन्ने कुरा उल्लेख गरेका छन् । भीम रावल (१९९०) ले नेपालमा साम्यवादी आन्दोलन उद्‌भव र विकासमा चौथो महाधिवेशन अन्तमा जनमत सङ्ग्रहमा सामेल भएको भन्दै यससम्बन्धी नीति अस्थिर र अस्पष्ट रहेको उल्लेख गरेका छन् । बालचन्द्र मिश्र (२००१) ले झापा आन्दोलनदेखि एमालेको विभाजनसम्ममा चौथो महाधिवेशनको जनमत सङ्ग्रहको नीतिप्रति मालेको दृष्टिकोण प्रस्तुत गरेका छन् ।राजकुमार पोखेल (२००७) ले अ जर्नी अफ द कम्युनिस्टस् अफ् नेपाल : ट्वाइनटी-थ्री इयर्स हिस्ट्री अफर द सीपीएन-यूएमएलमा चौथो महाधिवेशनले जनमत सङ्ग्रह बहिष्कार गरेको भनेर उल्लेख गरेका छन् । नीलप्रसाद पन्त (२०११) लेराष्ट्रिय जनमत सङ्ग्रह वि.सं.२०३७ र नेपालको प्रजातान्त्रिक आन्दोलन (प्रकाशित नभएको पिएच्.डी. शोधप्रबन्ध) मा चौथो महाधिवेशनको जनमत सङ्ग्रह नीति ज्यादै अस्थिर रहेको र अन्ततः जनमत सङ्ग्रहमा भाग लिएको भनेर उल्लेख गरेका छन् । ढाकाराम सापकोटा (२०२०) ले नेपालमा कम्युनिस्ट पार्टीको विकासक्रम, सरकार र नेतृत्व.मा अन्ततः चौथो महाधिवेशनले जनमत सङ्ग्रह बहिष्कार गर्ने निष्कर्षमा पुग्यो भनेर उल्लेख गरेका छन् । परशुराम तामाङ (२०२२) ले नेपाली कम्युनिस्ट आन्दोलनको कार्यदिशा मा चौथो महाधिवेशनले अन्तिममा बहुदलको पक्षमा भाग लिने निर्णय गरेको उल्लेख गरेका छन् । उपर्युक्त सबै अध्ययनहरूमा चौथो महाधिवेशनको जनमत सङ्ग्रह नीति बहिष्कारवादी थियो वा थिएन भनेर धारणा प्रस्तुत गरिएका छन् । त्यसरी यससम्बन्धी मत विभाजन भएको स्पष्ट छ । त्यसका साथै उपर्युक्त कतिपय अध्ययनले चौथो महाधिवेशनको जनमत सङ्ग्रह नीति ज्यादै अस्थिर र अस्पष्ट रहेको भन्ने मान्यता पनि अगाडि सारेका छन् । उल्लिखित अध्ययनबाट चौथो महाधिवेशनको जनमत सङ्गह नीतिलाई बुझ्न महत्त्वपूर्ण आधार प्राप्त

हुन्छन् । तर यी अध्ययनले चौथो महाधिवेशनको जनमत सङ्ग्रह नीति मौलिक र द्वन्द्वात्मक हुनाको साथै स्पष्ट र सही थियो भन्न सकेका छैनन् । त्यो अभावलाई पूरा गर्न यो अध्ययनको आवश्यकता भएको छ ।

नेपाल कम्युनिस्ट पार्टी(चौथो महाधिवेशन) को जनमत सङ्ग्रह नीति बहिष्कार र उपयोग दुबै स्पष्ट गर्नुका साथै एउटै विषयमा अवलम्बन गरिएका दुई प्रकारका नीति र तिनका परिणामका बारेमा विश्लेषणात्मक अध्ययन गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा प्रस्तुत गरिएको छ भने अनुसन्धान पद्धति निगमन विधिमा आधारित रहेको छ । प्राथमिक स्रोतको रूपमा सम्बन्धित व्यक्तिका विभिन्न समयमा प्रकाशित अन्तर्वार्ता, नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन) को जनमत सङ्ग्रह सम्बन्धी तात्कालिक राजनीतिक दस्ताबेज, निर्णय र द्वितीय स्रोतका रूपमा पत्रपत्रिका, अनुसन्धानपत्र, पुस्तक आदिलाई सङ्कलन गरी परीक्षण गरिएको छ ।अध्ययनलाई मार्क्सवादीदृष्टिकोणबाट आलोचनात्मकरूपमाविश्लेषणगरी अध्ययन सम्पन्न गरिएको छ । अध्ययनको लेखन एपिए शैली सातौं संस्करण अनुसार संरचित गरिएको छ ।

## छलफल, मूल्याङ्कन र निष्कर्ष

### बहिष्कारको नीतिदेखि उपयोगसम्मको आरोह-अवरोह

चौथो महाधिवेशनको जनमत सङ्ग्रह नीति पहिले बहिष्कार र पछि उपयोगको रहेको थियो । यसबारेमा पार्टीभित्र व्यापक मतभेद भएकाले ९ महिनामा ५ पटक नीतिमा फेरबदल गरिएको थियो । त्यसअनुसार प्रथमतःबागमती अञ्चल समितिको नाममा एउटा पर्चा प्रकाशित गरी जनमत सङ्ग्रहलाई बहिष्कार गरिने उल्लेख गरिएको थियो भने दोस्रो वि.सं.२०३६ साल श्रावण महिनाको अन्त्यतिर केन्द्रीय नेतृत्वले जनमत सङ्ग्रहको नीति परिवर्तन गरेर पार्टीको मुखपत्र मशालमा अप्रत्यक्ष रूपमा जनमत सङ्ग्रहलाई सफल पार्ने कुरामा जोड दियो र स्वच्छ र निष्पक्ष चुनावको कुरा उठायो । त्यो पार्टीमा केही पनि छलफल नगरी पार्टीका अल्पमत सदस्य र महासचिव निर्मल लामाले ल्याएको नीति थियो । त्यो निर्णय चौथो महाधिवेशनले पारित गरेको पूर्व राजनीतिक कार्यक्रम र नीतिको विपरीत थियो । त्यसैले पार्टीमा यस प्रकारको कार्यको आलोचना भयो र लामाले गल्ती गरेको स्वीकार गरी आत्मालोचना गरे । तेस्रो कुरा वि.सं.२०३६ सालको कार्तिकमा पुनः जनमत सङ्ग्रहको नीति परिवर्तन गरी जनसङ्घर्षलाई तीव्र रूपमा बढाई जनमत सङ्ग्रहको सक्रिय बहिष्कारतर्फ बढ्ने र भण्डाफोरको नीति अबलम्बन गर्ने कुरा उल्लेख गरेर पार्टीको मुखपत्र मशालमा सार्वजनिक भयो । त्यसैगरी चौथो विषय वि.सं.२०३६ साल पौषमा बसेको केन्द्रीय समितिको बैठकले पनि सक्रिय बहिष्कारको नीतिलाई अनुमोदन गऱ्यो । यसमा आधारित पाँचौं विषय चौथो महाधिवेशनले चौथो वा अन्तिमपटक नयाँ नीति अबलम्बन गऱ्यो, जसमा जनसङ्घर्षको उभार आउन नसकेकाले जनमत सङ्ग्रहमा तुलनात्मक रूपले प्रगतिशील बहुदलीय व्यवस्थाको पक्षमा मतदान गरी बहुदललाई विजयी  गराउन आह्वान गऱ्यो । यो नीति परिवर्तन गर्नाको

कारण नरबहादुर कर्माचार्यको अनुसार पार्टीले जनमत सङ्ग्रहको घोषणालाई धोकापूर्ण बताएर जनसङ्घर्षलाई अगाडि बढाउने निर्णयका साथ सक्रिय बहिष्कार गर्ने नीति लिएको थियो । तर आन्दोलनको उभार उठ्न नसकेकोले तुलनात्मक रूपले विचार गरेर बहुदलीय व्यवस्थालाई समर्थन गरेर अगाडि बढ्नुपर्छभन्ने भयो (पन्त, २०११) ।

जनमत सङ्ग्रहको बहिष्कार, बहुदलीय व्यवस्थाको समर्थन गर्ने नीति नेकपा(चौम)को रह्यो (नेपाल कम्युनिस्ट पार्टी (मसाल), २००२) । बहुदलीय व्यवस्था वा सुधारिएको पञ्चायती व्यवस्थामध्ये कुनै एकमा निर्णय दिनुपर्ने जिम्मेवारी नेपाली जनताको अगाडि आएको थियो । त्यो बेलामा आफूलाई दलीय र राजनीतिक स्वतन्त्रताका पक्षमा सङ्घर्ष गर्दै आएको भनी दाबी गरिरहेको राजनीतिक सङ्गठनले बहुदलीय व्यवस्थाको पक्षमा निर्णय दिनका लागि प्राप्त अवसरकारूपमा रहेको जनमत सङ्ग्रहको वहिष्कार गर्दा बहुदलीय व्यवस्थाको समर्थन हुन्थ्यो वा हुँदैनथ्यो भन्ने रहेको छ । आफ्नो त्यस प्रकारको नीतिको रक्षा गर्दै पञ्चायती अधिनायकवादको तुलनामा बहुदलीय व्यवस्थाको समर्थन गर्नु तत्कालीन जनमत-सङ्ग्रहभन्दा पहिलेदेखिको र स्वतन्त्र विषय थियो । जनमत-सङ्ग्रहमा भाग लिए पनि वा त्यसको बहिष्कार गरे पनि पार्टीहरूको राजनीतिक स्वतन्त्रता र बहुदलीय व्यवस्थाको समर्थनमा कुनै अन्तर आउन्न भन्ने धारणा अगाडि सारियो (नेपाल कम्युनिस्ट पार्टी (मसाल), २००२) । बहिष्कारको समयमा आफ्नो आम नीतिको सार्थकतालाई पुष्टि गर्न त्यस प्रकारको तर्क अगाडि सारिएको भएपनि पार्टीभित्रको विभाजित मत भने सार्वजनिक हुन पुगेको थियो । निर्मल लामाले सङ्घर्षका परम्परागत पारालाई बदलेर यसलाई उच्च स्तरमा पुऱ्याउन विभिन्न तरिका र पाराहरू पहिल्याउनु पर्दछ भन्ने पार्टी नीतिसित बाँझिने अन्तर्विरोधपूर्ण धारणा पार्टीको मुखपत्रमा प्रकाशित गरेका थिए(लामा, २००३) । पछि उनको अन्तर्विरोधपूर्ण धारणालाई पार्टीले आलोचना गरेर सच्याउने काम भयो । त्यसैले वि.सं.२०३६ सालको श्रावणमा जनमत सङ्ग्रहलाई उपयोग गर्ने जस्तो छद्म धारणा निर्मल लामाको मात्र भएकाले चौथो महाधिवेशनको पूर्व निर्णयअनुसार नै बहिष्कारको नीतिलाई कायम राखिएको थियो ।

जनमत सङ्ग्रहलाई निष्पक्ष बनाइयोस् भनेर ५ वटा सर्त राखेर हस्ताक्षर गर्नेमध्येको चौथो महाधिवेशन अन्ततः जनमत सङ्ग्रहलाई बहिष्कार गर्ने निष्कर्षमा पुगेको थियो (सापकोटा, २०२०) । यी ५ सर्ततिर चौथौ महाधिवेशनले अन्ततः जनमत सङ्ग्रहमा भाग लिएको कुरा विभिन्न पक्षले पुष्टि गर्दछन् । चित्रबहादुर के.सी. जनमत सङ्ग्रहको अवधिमा नेकपा चौथो महाधिवेशनका पोलिटब्युरो सदस्य थिए । उनी जनमत सङ्ग्रहको चुनावको दिन आफ्नो गाउँमा नै थिए । उनी, उनकी श्रीमती र उनी सम्बद्ध पार्टीका व्यक्तिहरूले बहुदलको चुनाव चिह्न निलो रङमा मतदान गरेका थिए (बुढा, २०१७) । के.सी.को भनाइबाट नेकपा चौमले जनमत सङ्ग्रहमा भाग लिएको देखिन्छ । चौथो महाधिवेशनबाट मोहनविक्रम सिंह महामन्त्रीमा निर्वाचित भएको भएपनि जनमत सङ्ग्रहको बेलामा उनी उक्त पार्टीको केन्द्रीय समितिमा मात्र थिए । उनका अनुसार जनमत सङ्ग्रहको घोषणाको बेलामा पञ्चायत विरोधी आन्दोलन उभारमा थियो । त्यो बेलामा समयमा जनमत सङ्ग्रहको घोषणा भएकाले पार्टीले जनमत सङ्ग्रहमा नगइकन सिधै आन्दोलनद्वारा नै निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही व्यवस्थालाई समाप्त गर्नुपर्छ भन्ने नीति लियो । तर पछि आन्दोलनका पक्षधर राजनीतिक शक्तिहरूले संयुक्त आन्दोलनबाट पछाडि हटेर जनमत सङ्ग्रहमा भाग लिने निर्णय गर्दै गएका थिए । त्यो अवस्थामा

पार्टीले पनि जनमत सङ्ग्रहमा भाग लिएर बहुदललाई विजयी बनाउने अभियानमा सामेल हुन पुगेको थियो(पुरी, २०२२) सिंहको भनाइबाट नेकपा चौमले पहिले जनमत सङ्ग्रहलाई बहिष्कार गर्ने नीति अख्तियार गरेको भएपनि पछि जनमत सङ्ग्रहमा भाग लिएको देखिन्छ ।

मोहन वैद्य त्यो समयमा चौथो महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य थिए । चौथो महाधिवेशन नेकपाभित्र जनमत सङ्ग्रहलाई तत्काल समर्थन गर्ने वा आन्दोलनको विकासमा जोड दिने र आन्दोलनको विकास हुन नसकेको स्थितिमा जनमत सङ्ग्रहमा जाने भन्ने विषयमा मतभेद थियो । अन्ततः आन्दोलनको विकास हुन नसकेकाले जनमत सङ्ग्रहमा जाने निर्णय भएको थियो(मोहन वैद्यसँगमङ्सिर २०, २०७७ मा लिएको अन्तर्वार्ता) । वैद्यको भनाइबाट पनि पहिले पार्टीले जनमत सङ्ग्रहको बहिष्कार गरेको भएपनि पछि जनमत सङ्ग्रहमा भाग लिएको देखिन्छ । रामसिंह श्रीस त्यो बेलामा चौथो महाधिवेशन समूहका सक्रिय कार्यकर्ता थिए । उनले जनमत सङ्ग्रहलाई आन्दोलन रोक्न ल्याएको षडयन्त्र हो भनेर पहिले पार्टीले बहिष्कार गरेर आन्दोलनलाई अगाडि बढाउने नीति लिएको भएपनि आन्दोलन सशक्त रूपमा नउठेको र जनमत सङ्ग्रह हुने नै स्थिति देखिएपछि निर्दलीय पञ्चायती व्यवस्थाको तुलनामा बहुदलीय व्यवस्था मात्रात्मक रूपमा प्रगतिशील भएको भन्दै जनमत सङ्ग्रहमा बहुदलको पक्षमा मत दिने निर्णय गरेको थियो भनेका छन् (रामसिंह श्रीससँग माघ १४, २०७७ मा लिएको अन्तर्वार्ता) । यहाँ उल्लिखित व्यक्तिहरू तत्कालीन समयमा चौथो महाधिवेशनको नेतृत्वकर्ता वा सक्रिय कार्यकर्ता थिए । उनीहरू सबैको भनाइबाट जनमत सङ्ग्रहको घोषणा आन्दोलनलाई कमजोर पार्नका लागि ल्याइएको धोका भएको भनेर सुरुमा बहिष्कार गर्ने निर्णय भएको भएपनि पछि आन्दोलनलाई अगाडि बढाउने सफलता प्राप्त नभएपछि बहुदलीय व्यवस्थाको समर्थन गर्ने निर्णयका साथ जनमत सङ्ग्रहमा सहभागी भएको स्पष्ट हुन्छ ।

सिपी मैनालीले गोरखपुरबाट नेकपा(मसाल) ले 'जनमत सङ्ग्रह धोका हो, बहिष्कार गरौँ' भनेर निकालेको पर्चा भोलिपल्ट पार्टीमा आइपुगेपछि पुनः छलफल गरियो । मसाललाई हामीले त्यतिबेला दक्षिणपन्थी भन्थ्यौँ र ऊ भन्दा पनि दक्षिणपन्थी देखिनुहुन्न भनेर हामीले पनि क्रान्तिकारी देखिनका लागि जनमत सङ्ग्रहलाई धोका र बहिष्कार गरौँ भन्ने निर्णय गर्‍यौँ भनेका थिए (मिश्र, २००१) । फेरि पछि पनि उनले त्यस प्रकारको धारणा व्यक्त गर्दै चौम क्रान्तिकारी चरित्रको थियो र त्यसले जनमत सङ्ग्रह बहिष्कारको नीति लिएकाले मालेले पनि बहिष्कार गर्ने नीति लियो भनेका छन् (पोखरेल, २००७) । सीपी मैनालीको भनाइबाट मालेका नेताहरूको आफ्नो मौलिक र स्वतन्त्र निर्णय क्षमताको अभाव भएको र नक्कल गर्ने प्रवृत्ति विकास भएको देखिन्छ । बढी क्रान्तिकारी ठहरिनका लागि स्वतन्त्र विश्लेषणबिना चौमले बहिष्कार गरेको जनमत सङ्ग्रहलाई मालेले पनि बहिष्कार गर्ने नीति अख्तियार गर्नु नक्कल गरेको जस्तो मात्र देखिन्छ । जनमत सङ्ग्रहको अवधिमा नेकपा(चौम) र नेकपा(माले) बिचको सम्बन्ध सैद्धान्तिक रूपमा मित्रशक्ति स्वीकार गरिएको भएपनि व्यवहारिक रूपमा शत्रुतापूर्ण भन्ने देखिन्छ । पार्टीमा विभिन्न सैद्धान्तिक तथा राजनीतिक असहमति थिए । एक-अर्कालाई तेजोबध गर्न एकआपसमा दक्षिणपन्थी, संशोधनवादी मोहनविक्रम गुट र उग्रवामपन्थी झापाली गुट (सिंह, २०५१) जस्ता शब्दपदावलीद्वारा आरोप-प्रत्यारोप गरिएको थियो । त्यसरी व्यावहारिक सम्बन्ध शत्रुतापूर्ण

भएको बेलामा सहकार्य र सहमतिको आधारमा चौमको नीतिलाई पछ्याउने काम नगरेर अस्वस्थ प्रतिस्पर्धाको बाटोबाट नै मालेले पनि जनमत सङ्ग्रहलाई बहिष्कार गर्ने नीति अख्तियार गरेको कुरासिपी मैनालीको भनाइबाट बुझिन्छ। उनको भनाइअनुसार चौमसित मात्र नभएरमालेको अस्वस्थ कार्यशैली अन्य समूहसित पनि शत्रुतापूर्ण रहेको थियो । बहिष्कार नीति लिएपछि बहुदलको पक्षमा सक्रियताका साथ आएका समूहसँग कतिपय ठाउँमा झडपसमेत भएको कुरा उनले स्वीकार गरेका छन् (मिश्र, २००१) । वास्तविकता यो थियो कि त्यतिबेला चौमले जनमत सङ्ग्रह बहिष्कार गरेकाले मालेले पनि बहिष्कार गर्ने नीति लिनका लागि चौमसित कुनै शर्त, समझदारी, कार्यगत एकता, संयुक्त मोर्चा आदि भएको कुनै प्रमाण छैन। सिपी मैनालीले बताएजस्तै मसालभन्दा क्रान्तिकारी देखिने अस्वस्थ प्रतिस्पर्धाको परिणामस्वरूप उनीहरूले मौलिक र स्वतन्त्र निर्णय गर्न सकेनन् । आफूले निर्णय गर्नुपर्ने विषयलाई चौमले बहिष्कार गरेकाले मालेले पनि बहिष्कार गरेको हो भन्ने प्रकारले कुनै पर्चा वा दस्तावेज बनाउनु पनि मालेका लागि तत्कालीन अवस्थामा सम्भव थिएन ।

देशको कुनै राजनीतिक परिस्थितिबारे आफ्नो पार्टीको नीति के हुने भन्ने कुरा सोच्नका लागि सिपी मैनाली वा माले समूह स्वतन्त्र थिए । त्यस अनुसार उनले जनमत सङ्ग्रहमा सहभागी भए पार्टी दक्षिणपन्थी विचलनतर्फ जान सक्छ भन्ने धारणा राखेका थिए (पोखरेल, २००७) ।चौथो महाधिवेशन समूहले माले समूहलाई उग्रवामपन्थी गतिविधिको पृष्ठभूमिबाट जन्मेको झापाली गुटको संज्ञा दिएको थियो। माले समूहको उग्रवामपन्थी प्रवृत्तिको आलोचना गर्दै चौथो महाधिवेसनले झापाली गुटको निर्दलीय र बहुदलीय दुबै पक्षलाई समान स्थानमा राख्नु वा त्यसभन्दा बढी बहुदलीय पक्षका विरुद्ध प्रत्यक्ष वा अप्रत्यक्ष रूपले निर्दलीय व्यवस्थालाई जिताउन खोज्नु उग्रवामपन्थी छद्‌मभेषमा नाङ्गो प्रकारको प्रतिक्रियावाद हो भनेर आलोचना गरेको थियो (नेपाल कम्युनिस्ट पार्टी (मसाल), २००२) । यसरी चौथो महाधिवेशन समूहलाई माले समूहले दक्षिणपन्थी र माले समूहलाई चौथो महाधिवेशन समूहले उग्रवामपन्थी प्रतिक्रियावाद भनेर एकअर्कालाई आरोपित गरेर आफूलाई अब्बल साबित गर्ने प्रयत्न गरेका थिए। चौथो महाधिवेशनको उपर्युक्त निर्णयले बहुदलीय पक्षलाई जिताउन जनमत सङ्ग्रहमा भूमिका खेल्नुपर्ने आवश्यकतालाई मनन् गरेको स्पष्ट बुझिन्छ ।माले समूहले धेरै पछि जनमत सङ्ग्रहबारे आफ्नो नीतिको समीक्षा गऱ्यो र वि.सं.२०४२ सालमा जनमत सङ्ग्रहलाई उपयोग गर्न नसक्नु गल्ती भएको भनेर आत्मालोचना गरेको थियो(मिश्र, २००१) । यसरी माले समूहले जनमत सङ्ग्रह बहिष्कारको नीतिबारे पछि समीक्षा गर्दा त्यो नीति गल्ती भएको उनीहरूले स्वीकार गरेका थिए । त्यो गल्तीको भार धेरै थियो, त्यसलाई कम गर्नको लागि चौमलेबहिष्कारको नीति लिएकाले मालेले पनि बहिष्कार गरेको भनेर फरक पार्टीको कार्यनीति र निर्णयको आड लिनु जिम्मेवारीपन होइन ।

अर्कातिर, सिपी मैनालीको भनाइलाई आड पुग्नेगरी चौथो महाधिवेशनका नेता भक्तबहादुर श्रेष्ठको भनाइलाई पनि ध्यान दिनुपर्ने आवश्यकता छ। उनका अनुसार माले जनमत सङ्ग्रहमा सहभागी भएमा त्यसतर्फ जनसमर्थन जान सक्छ भन्ने डर चौथो महाधिवेशनलाई भएकोले मालेको निर्णयको नक्कल चौथो महाधिवेशनले गर्ने प्रयास गरेको थियो (पोखरेल, २००७) । जनमत सङ्ग्रहबारे पार्टीले लिएको राजनीतिक लाइन र निर्णयलाई बिर्सनु गम्भीर समस्या थियो ।

यसका बाबजुद पनि एउटा  सत्य अवश्य पनि हो कि त्यो अवधिमा निश्चय पनि यी दुई समूहबिच प्रतिस्पर्धा थियो । तर त्यसको अर्थ श्रेष्ठले भने जस्तो चौथो महाधिवेशनले मालेमा जनसमर्थन बढ्ला कि भन्ने डरले मालेको नीतिको नक्कल गर्नु अवश्य पनि थिएन ।वि.सं.२०३६ साल पौषमा सम्पन्न चौमको केन्द्रीय समितिको चौधौँ बैठकले जनमत सङ्ग्रहबारे एउटा निर्णय पारित गरेको थियो । चौमले मालेलाई झापाली गुटको संज्ञा दिँदै त्यसलाई निर्दलीय र बहुदलीय दुबै व्यवस्थालाई अस्वीकार, निषेध र विरोध गरेको भनी आरोप लगाएको थियो । जब कि चौथो महाधिवेशनले जनमत सङ्ग्रहको चुनावलाई बहिष्कार गरेर बहुदलीय व्यवस्थाका विरुद्ध लड्न पञ्चायती व्यवस्थाको हतियार बन्दछ भने त्यो अवस्थामा बहिष्कारको नीतिलाई तिलाञ्जलि दिनुपर्दछ र चुनावको यो प्रश्नमा स्पष्ट रूपमा बहुदल पक्षलाई समर्थन गर्नुपर्दछ भन्ने नीति लिएको देखिन्छ (नेपाल कम्युनिस्ट पार्टी (मसाल), २००२) । पार्टीको आधिकारिक यो नीति पारित भई कार्यान्वयन भइसकेपछि करिब १९ वर्षपछि श्रेष्ठले आफ्नो अन्तर्वार्तामा भनेको उक्त कुरा सत्य नभएको ठहर्दछ ।

चौथो महाधिवेशनका आधिकारिक निर्णय र नीतिबाट बेखबर रहेर सिपी मैनाली र भक्तबहादुर श्रेष्ठको भनाइलाई आधार मानेर चौमले जनमत सङ्ग्रह बहिष्कार गरेको थियो भन्ने निष्कर्ष पूरै गलत छ । सिपी मैनाली र भक्तबहादुर श्रेष्ठको भनाइको सत्यताको जाँच गर्न नेकपा चौमले विभिन्न समयमा जनमत सङ्ग्रहबारे अपनाएका नीतिलाई स्रोतका रूपमा लिनुपर्ने हुन्थ्यो । किनभने त्यसबारे तत्कालीन राजनीतिक निर्णय र नीतिले नै संस्थागत र आधिकारिकता राख्दछन् । तत्कालीन अवस्थामा संस्थागत निर्णय भएर कार्यान्वयन भएको विषय उपलब्ध हुँदाहुँदै सीपी मैनाली र भक्तबहादुर श्रेष्ठले धेरै पछि बताएको फरक कुरालाई सही मान्न सकिँदैन ।जनमत सङ्ग्रहबारे चौमको सुरुवाती र अन्तिममा गरेको निर्णयको बिचमा फरक पाइनुका साथै जनमत सङ्ग्रहमा भाग लिएको प्रमाण फेला पर्दछ र त्यही प्रमाणका आधारमा मैनाली र श्रेष्ठको भनाइ असत्य भएको ठहर गर्न सकिन्छ । आधिकारिक विषयको उपलब्धता भएको अवस्थामा व्यक्तिहरूको फरक भनाइलाई आधार मानेर चौमले जनमत सङ्ग्रह बहिष्कार गरेको थियो भन्ने निष्कर्ष गलत छ । भीम रावल, नीलप्रसाद पन्त र परशुराम तामाङले अन्तमा चौथो महाधिवेशनले जनमत सङ्ग्रहमा भाग लिएको कुरा उल्लेख गरेका थिए । विभिन्न व्यक्तिका अन्तर्वार्ता र स्वयं चौथो महाधिवेशनका दस्ताबेजहरूले उनीहरूको विवरण सत्य र प्रमाणमाथि आधारित भएको कुरा पुष्टि गर्दछन्  ।

जनमतको नतिजा प्रकाशन भइसकेपछि चौथो महाधिवेशनले प्रतिक्रिया दियो । विद्यमान परिस्थितिमा गरिएको जनमत सङ्ग्रहले पञ्चायतलाई जनताबाट वैधता प्राप्त गराउने काम गऱ्यो, जसले नेपालमा भइरहेको जनसङ्घर्षबारे अन्तर्राष्ट्रिय जनमतलाई भ्रमित पार्न सक्छ भन्दै उनीहरूले त्यो जनमत सङ्ग्रहलाई राजाको एउटा षड्यन्त्रपूर्ण चालका रूपमा हेरे र सङ्घर्षलाई विखण्डन गर्ने उद्देश्यले गरिएको कदमका रूपमा व्याख्या गरे (बराल, १९८) । तर सत्य यो हो कि जनमत सङ्ग्रह घोषणा भएदेखि नै चौथो महाधिवेशनले उपर्युक्त मत राख्दै त्यसको बहिष्कार गर्ने निर्णय गरेको थियो । तर पहिले बहिष्कारको घोषणा गरेको भएपनि पछि जनमत सङ्ग्रहमा भाग लिएको थियो ।वास्तविकता के हो भन्ने थाहा नपाई बहिष्कारवादीहरूको पङ्क्तिमा राखिरहनु चौथो महाधिवेशनका नीतिको पर्याप्त जानकारी नभएको वा लिन नचाहेको स्पष्ट देखिन्छ । निश्चय पनि चौथो महाधिवेशनको बहुदलीय व्यवस्था कसरी प्राप्त गर्ने भन्ने विषयमा

व्याख्या रहेको थियो । त्यसका अनुसार तीन प्रकारका सोचाइहरू रहेका थिए (१) राजाको कृपाद्वारा, (२) जनमत सङ्ग्रहद्वारा र (३) जनसङ्घर्षद्वारा भन्ने व्याख्या थियो र उनीहरूले आफूलाई तेस्रोको पक्षधर भनेका थिए (नेपाल कम्युनिस्ट पार्टी (मसाल), २००२) । जब तेस्रोको सम्भावना अन्त भएर गयो त्यसपछि दोस्रोमा उनीहरूले क्रमशः प्रवेश गर्दै गए । जनमत सङ्ग्रह बहिष्कारको नारा दिएपनि बहुदलीय व्यवस्थाको समर्थन गर्ने लचिलो नीति अगाडि सारियो ( नेपाल कम्युनिस्ट पार्टी (मसाल), २००२) । तर बहुदलीय व्यवस्थाको लागि तत्काल दुईवटा विकल्पहरू मध्ये, पहिलो जसलाई चौथो महाधिवेशनले जनमत सङ्ग्रहको विरोध र बहिष्कार गर्दै जनसङ्घर्ष र जनआन्दोलनलाई अगाडि बढाउने निर्णय गरेको थियो । तर आन्दोलन सफलतातिर भन्दा असफलतातिर अगाडि बढ्दै गयो । त्यसरी जनआन्दोलनबाट बहुदलीय व्यवस्था प्राप्त नहुने अवस्थामा जनआन्दोलनले नै स्थापित गरेको जनमत सङ्ग्रहको उपयोग गरी बहुदललाई समर्थन गर्नुपर्ने अवस्था सिर्जना भयो ।

**नीतिको मूल्याङ्कन**

जनमत सङ्ग्रहको नतिजा प्रकाशित भयो । करिव ५४.७९ प्रतिशत भोट प्राप्त गरेर पञ्चायत विजयी भयो । व्यावहारिक राजनीतिक दृष्टिले पञ्चायती व्यवस्थाले वैधता प्राप्त गऱ्यो र बहुदलीय पक्ष कमजोर तथा बदनाम भयो । यसपछि व्यापक निराशा, निर्वाचनमा धाँधलीको आरोप र तीव्र आलोचना गरियो । अन्ततः यसको गहिरो समीक्षा र विश्लेषण सुरु भयो (ब्रोन, २००३) । यसबाट जनमत सङ्ग्रहले परिवर्तनकारी राजनीतिक शक्तिमाथि नकारात्मक प्रभाव पारेको र राजाको रणनीतिको विजय भएको कुरा स्पष्ट हुन्छ । यो नतिजा आउने कुरा अवश्यमभावी थियो, किनभने आन्दोलन छोडेर शाही घोषणालाई समर्थन गर्न पुगेका समूहहरूका कारणले आन्दोलनकारी शक्तिहरूमा विभाजन आयो र आन्दोलनबाट हुनुपर्ने कुरा जनमत सङ्ग्रहमाथि भर पर्न पुग्यो, जुन सम्भव थिएन । चौथो महाधिवेशनले जनमत सङ्ग्रह घोषणाको विरोध गर्दै त्यो वास्तवमा देशमा बढिरहेको आन्दोलनलाई असफल पार्ने षडयन्त्र र धोका थियो । जनमत सङ्ग्रह घोषणाको भ्रमले गर्दा राजतन्त्र वा कमसेकम दलविहीन पञ्चायती व्यवस्थालाई तत्काल खत्तम पार्न सकिने सम्भावनामाथि बाधा पुऱ्याएको थियो (नेपाल कम्युनिस्ट पार्टी (मसाल), २००२) । आन्दोलनको उर्जालाई समाप्त पारेपछि राजाले पञ्चायती राजनीतिको शक्ति उठाएर लगे र आफ्नो रणनीतिलाई विजयी बनाए । बहुदल पक्षधरले जनताको शक्तिमाथि विश्वास नगरेर शाही घोषणालाई समर्थन गर्दा आउने परिणाम निराशजनक हुनु स्वभाविक थियो । के चौथो महाधिवेशनले अगाडि सारेको उपर्युक्त नीतिलाई स्वीकार गरेर गएको भए आन्दोलनकारी शक्तिले निराशा हुनुपर्ने थियो ? जब कि आन्दोलनको शक्तिबाट निराश भएर राजाले उक्त शाही घोषणा गरेका थिए । त्यो अवस्थामा आन्दोलनलाई कमजोर बनाउन हुँदैनथ्यो र जनमत सङ्ग्रहबाट आउन सक्ने परिणामको गम्भीर समीक्षा हुनुपर्दथ्यो । तर चौथो महाधिवेशनको उक्त नीति सही हुँदाहुँदै पनि त्यसको उपेक्षा गरेर राजाको घोषणालाई समर्थन गर्ने काम भयो ।

चौथो महाधिवेशनको जनमत सङ्ग्रह नीति भने अस्थिर र अस्पष्ट रहेको थियो (रावल, १९९०) । नीलप्रसाद पन्तले पनि चौथो महाधिवेशनको जनमत सङ्ग्रह नीति अस्थिर रहेको उल्लेख गरेका छन् (पन्त, २०११) । पहिले बहिष्कार,

केही महिनापछि पार्टी नीतिको उल्लङ्घन गरेर निर्मल लामाले जनमत सङ्ग्रहको निर्वाचनमा निष्पक्षतामा जोड दिनु, फेरि सक्रिय बहिष्कारको नारा अगाडि सार्नु र अन्तमा भाग लिएको कुरालाई आधार बनाएर रावल र पन्तले उपर्युक्त कुरा बताएको स्पष्ट छ । जनमत सङ्ग्रह घोषणा भइसकेपछि पञ्चायत विरुद्धको आन्दोलनमा सहभागी भएका पक्षमा नै सर्वप्रथम विभाजन भएको थियो । राजाले विभाजनको रणनीतिलाई कार्यान्वयन गरिरहेका छन् भन्ने निष्कर्ष चौथो महाधिवेशनले निकालेको थियो । वि.सं.२०३६ सालको माघ महिनामा बसेको केन्द्रीय समितिको बैठकले राजाको उक्त रणनीतिको विस्तृत चर्चा गर्दै जनमत सङ्ग्रहको घोषणापछि पनि आन्दोलन पहिले जस्तै लगातार अगाडि बढ्दै गएको भए राजतन्त्रको अन्त निकट भविष्यको कुरा बन्ने थियो वा राजाले कमसेकम जनमत सङ्ग्रहबिना नै बहुदलीय व्यवस्थाको घोषणा गर्न बाध्य हुनुपर्दथ्यो भन्ने मूल्याङ्कन गरेको थियो (नेपाल कम्युनिस्ट पार्टी (मसाल), २००२) । तर राजाको घोषणाले आन्दोलनमा विभाजन ल्यायो । एकथरी आन्दोलनको पक्षमा उभिए र अर्कोथरि राजाको घोषणालाई समर्थन गर्दै राजाको साथमा उभिए । आन्दोलनकारीहरूको बिचमा विभाजन आएपनि आन्दोलनलाई अगाडि बढाउने जिम्मेवारी आन्दोलनको पक्षमा उभिनेको थियो । त्यो काम चौथो महाधिवेशनले गऱ्यो । तर अपेक्षाकृत आन्दोलन उठ्न सकेन । त्यस्तो अवस्थामा ठोस स्थितिको ठोस विश्लेषण गर्दै कार्यनीति बदल्नुपऱ्यो अर्थात् सङ्घर्षको मिल्दोजुल्दो बाटो र उपाय अपनाउनु पऱ्यो । कार्यनीतिको सबैभन्दा महत्त्वपूर्ण काम कुनै खास कालका ठोस अवस्थासँग सबभन्दा बढी मिल्दाजुल्दा सङ्घर्षको बाटो र उपायहरू तथा रूप र तरिकाहरू निर्धारण गर्नु हो, जुन कुराहरू रणनीतिक सफलताको बाटो तयार गर्न सबभन्दा बढी जिम्मेवार हुन्छन् (स्टालिन, २००७) । कम्युनिस्ट पार्टीको कार्यनीतिप्रतिको समझदारी स्टालिनले भने जस्तै हुन्छ । चौथो महाधिवेशन कम्युनिस्ट पार्टी भएकोले त्यसको कार्यनीति अर्थात् जनमत सङ्ग्रहप्रतिको समझदारी सही थियो । पञ्चायती राज्यसत्तालाई हटाएर बहुदलीय व्यवस्थाको स्थापना गर्ने आन्दोलनको उभार उठिसकेको अवस्था थियो । त्यो आन्दोलनलाई दबाउनका लागि पञ्चायती शासकहरूले हदैसम्मको प्रयत्न गरे । तर बल प्रयोगबाट आन्दोलन दबाउन नसकिने निष्कर्षमा राजा पुगिसकेका थिए । उनले आफ्नो शासनको सुरक्षा गर्नका लागि विभिन्न रणनीति अपनाए । तर पनि आन्दोलनको उचाइ बढ्दै गयो । त्यही समयमा राजाले जनमत सङ्ग्रहको घोषणा गरेर आन्दोलनमा संलग्न विभिन्न पक्षको धारणामा विभाजन ल्याए । परिणामस्वरूप नेपाली काङ्ग्रेस, नेकपाका विभिन्न समूह मनमोहन, सहाना, रायमाझी आदिले जनमत सङ्ग्रहको घोषणालाई समर्थन गरे । तर नेकपा चौम, माले, सर्वहारा श्रमिक सङ्गठन लगायतले त्यसलाई धोका बताएर विरोध गरे र आन्दोलनलाई जारी राख्ने घोषणा गरे । त्यसरी आन्दोलनमा सहभागी विभिन्न पक्षमध्ये कतिपय सम्झौतामा जाँदैमा सङ्घर्षका उपाय पनि समाप्त हुन्छन् भन्ने थिएन । तर आन्दोलन सेलाउँदै गएपछि राजनीतिक आवश्यकताको मिल्दोजुल्दो बाटो र उपायद्वारा विद्यमान अवस्था भन्दा प्रगतिशील पक्षलाई समर्थन गर्नु आवश्यक थियो । त्यही नीति अनुसार जनमत सङ्ग्रहमा भाग लिने नीति अगाडि सारिएको  थियो ।

पहिले आन्दोलनद्वारा बहुदलीय व्यवस्था स्थापना गर्नुपर्छ भन्दै जनमत सङ्ग्रह बहिष्कारको नीति अबलम्बन गरेको चौथो महाधिवेशनले अन्ततः तत्कालीन वस्तुस्थितिको ठोस विश्लेषण गरेर अन्तिम विकल्पका रूपमा जनमत सङ्ग्रहलाई उपयोग गर्ने नीति अबलम्बन गरेको थियो (पन्त, २०११) । यसबाट जनमत सङ्ग्रहको नीति द्वन्द्वात्मक रहेको स्पष्ट हुन्छ । आन्दोलनलाई केन्द्रमा राखेर जनमत सङ्ग्रहको बहिष्कार नीति तय गरिएको भएपनि उक्त नीतिलाई सफल

बनाउन सकेन । आन्दोलनलाई अझ विकसित गर्ने, आन्दोलनको माध्यमबाट राजतन्त्रलाई हटाउने र बहुदलीय व्यवस्था कायम गर्ने, जनतान्त्रिक शक्तिहरूको सरकार निर्माण गर्ने, संविधान सभाको चुनावबाट संविधान विधायकहरू छानिनुपर्ने नीति लिएर जनमत सङ्ग्रहलाई बहिष्कार गरिएको थियो । आन्दोलनकारी शक्तिहरूमा फुट नआएको भए आन्दोलनको सफलताले ती माग पूरा गर्ने सम्भावना थियो । तर आन्दोलन सेलाउँदै गएपछि विद्यमान पञ्चायती व्यवस्थाभन्दा प्रगतिशील पक्षलाई समर्थन गर्नुपर्ने अवस्था सिर्जना भयो र त्यस अनुसार चौथो महाधिवेशनले अन्तिममा जनमत सङ्ग्रहमा भाग लिएर बहुदललाई समर्थन गर्ने नीति अख्तियार गर्नु परेको थियो ।

जनमत सङ्ग्रहको बहिष्कार नीतिले राजाको जनआन्दोलनलाई कमजोर पार्ने रणनीतिको भण्डाफोर गर्ने प्रयास गऱ्यो । जनआन्दोलनप्रति प्रतिवद्धता दर्शाएर सैद्धान्तिक रूपमा अडिक रह्यो । वर्गीय दृष्टिकोणले जनमत सङ्ग्रहले सामन्ती राजतन्त्र वा बुर्जुवा लोकतन्त्रको चयन सम्बन्धी विकल्प प्रस्तुत गरेको थियो । श्रमजीवी वर्गको लागि कुनै विकल्प नभएको कुरालाई त्यो बहिष्कार नीतिले भण्डाफोर गर्ने काम गरेको थियो । क्रान्तिकारी वैचारिक राजनीतिलाई अगाडि बढाउन भूमिका खेल्दै राजाको रणनीतिमा नफस्न परिवर्तनकारी शक्तिहरूलाई चेतावनी दिने काम गऱ्यो ।बहिष्कार अवधिमा चौथो महाधिवेशनका नकारात्मक पक्ष पनि रहेका थिए । आन्दोलनको उद्देश्यलाई पूरा गर्न सकिएन र फेरि फर्किएर जनमत सङ्ग्रहमा आउनु पऱ्यो । बहिष्कारको समयमा जनतासँगको प्रत्यक्ष सहभागितामा कमी आयो । सङ्गठन र जनाधारलाई विस्तार गर्ने अवसरको उपयोग हुन सकेन । सिद्धान्तमा दृढता देखिएपनि व्यवहारिक पक्ष कमजोर बन्न पुग्यो । बहुदल पक्षमा जनमत निर्माण हुन सक्ने जुन सम्भावना थियो, त्यो प्रभावकारी बन्न सकेन ।

जनमत सङ्गहमा सहभागी हुने नीति लिने बित्तिकै पार्टी बहुदलीय पक्षमा मत माग्न प्रचार-प्रसारमा सङ्लग्न भयो (पन्त, २०११) । बहुदलको समर्थन भने बहिष्कारको नीति लिँदा पनि कायम रहेको थियो । जनमत सङ्ग्रहको बहिष्कार र बहुदलीय व्यवस्थाको समर्थन गर्ने कुरा परस्पर विरोधी भने थिएनन् । जनमत सङ्ग्रहको कुरा २०३६ को जेठ १० गतेको शाही घोषणाबाट अगाडि आएको अस्थायी कुरा हो । तर पार्टीहरूमाथिको प्रतिबन्ध हटाउनका लागि पार्टीले पहिलेदेखि नै आवाज उठाउँदै आएको थियो (नेपाल कम्युनिस्ट पार्टी (मसाल), २००२) । अब जनमत सङ्ग्रहमा सहभागी हुने नीति लिएपछि बहुदलको पक्षमा मत माग्न र जनतासँगको सम्पर्कलाई जोड्न सहज भयो । राजनीतिक परिस्थितिको विश्लेषण गर्दै राजनीतिक आवश्यकतालाई ठम्याउन यो निर्णयले ऐतिहासिकता कायम गऱ्यो । आन्दोलनको शक्ति क्षीण भएपछि अपनाउने कार्यनीतिलाई यो निर्णयले स्पष्ट गऱ्यो । पार्टीले बहिष्कारको नीति लिँदा वा उपयोगको नीति लिँदा पनि बहुदलीय व्यवस्थाप्रतिको प्रतिबद्धता कायम राख्न सफल भयो ।

चौथो महाधिवेशनले लिएको नीति तात्कालिक राजनीतिक आवश्यकतामाथि आधारित र द्वन्द्वात्मक प्रकारको भएपनि नेपाली समाजको राजनीतिक चेतनास्तरलाई त्यसले मापन गरेर समयानुकुल बनाउन सकेन । त्यसले गर्दा सुरुमा बहिष्कारको नीति लिँदै, जनमत सङ्ग्रहको बहिष्कार भन्ने नारा, देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकारको नारा दिनु, चलिरहेको आन्दोलनको वास्तविक आधार, चरित्र, नेतृत्वको स्थिति र फुटपछि आउन सक्ने सम्भावनामाथि गम्भीर विश्लेषण नगरिनु, एकल रूपमा आन्दोलनको विकास गर्न नसक्नु र अन्तमा जनमत सङ्ग्रहमा भाग लिने नीति

अख्तियार गर्नुले जनमत सङ्ग्रहबाट बहुदललाई हुने जति फाइदा हुन सकेन । प्रचारको समयावधि हुँदासम्म आन्दोलनको नारा दिनु र समय घर्केसकेपछि जनमत सङ्ग्रहमा सहभागी हुने कुराले देशको तात्कालिक राजनीतिक आवश्यकताका लागि खेलिने भूमिका कमजोर भयो । त्यसैले चौमले जनमत सङ्ग्रहमा लिएको नीति सिद्धान्ततः सही हुँदाहुँदै पनि व्यवाहारिक रूपमा त्यसको भूमिका कमजोर रह्यो । बहुदलीय पक्षधरहरूमा बहिष्कारवादी र उपयोग गर्ने बिचको दूरीलाई पनि यो नीतिले कम गर्न सकेन ।

जनमत सङ्ग्रहले वर्गीय रूपमा सामन्ती र शासक वर्गका लागि आन्दोलनको दबाबबाट उम्कने सुरक्षा मार्ग बनायो भनेश्रमजीवी वर्गहरूको बलिदान र क्रान्तिकारी उर्जालाई दमन गर्ने राजनीतिक औजार बन्यो । ऐतिहासिक रूपमा यसले नेपालको राजनीतिक परिवर्तनलाई तत्कालका लागि अवरुद्ध गर्‍यो, आन्दोलनकारीहरूमा विभाजन ल्यायो र आन्दोलनबाट स्थापित हुन सक्ने बहुदलीय व्यवस्थालाई ऐतिहासिक अवसरबाट वञ्चित बनायो । निर्दलीयता अझै आक्रामक भयो । यस प्रकारको परिणाम आउने कुरामा चौथो महाधिवेशनले आफ्नो बहिष्कारको नीति कायम भएको समयमा चेतावनी दिएको थियो । तर फुटवादी र सम्झौतावादीहरूले त्यस प्रकारको परिणामलाई आउने मार्ग प्रशस्त गरे र राजाको रणनीतिमा फस्दै गए । आन्दोलनको सम्भावना समाप्त भयो र एक मात्र झिनो आशाको रूपमा बहुदलको पक्षमा जनमत निर्माण गर्नुपर्ने अवस्था सिर्जना भयो । चौथो महाधिवेशनले जनमत सङ्ग्रहमा सहभागी भएर पुनः बहुदलको पक्षमा नै उभिने नीति लिनु उपयुक्त थियो । बहिष्कारको नीति सैद्धान्तिक र व्यावहारिक रूपमा आन्दोलनको निरन्तरता र विकास गरी बहुदल स्थापना गर्ने उद्देश्यसँग जोडिएको थियो भने उपयोगको नीति आन्दोलनको तत्काल सम्भावना नभएको अवस्थामा बहुदलको पक्षलाई बलियो बनाउने उद्देश्यसँग सम्बन्धित थियो ।

**निष्कर्ष**

जनमत सङ्ग्रह आन्दोलनको दबाबको बिचमा बहुदलीय वा सुधारिएको पञ्चायतमा राय प्रकट गर्न तत्कालीन राजा वीरेन्द्रद्वारा घोषणा गरिएको थियो । यो आन्दोलनको बलबाट सङ्कटमा पर्न गएको राजतन्त्रको अस्तित्वलाई जोगाउन, प्रजातन्त्रको लहर चलेको अन्तर्राष्ट्रिय दबाबलाई थेग्न र आन्दोलनकारी शक्तिहरू बिचमा विभाजन ल्याउने र वास्तवमा यो सत्ता हस्तान्तरणको प्रक्रिया नभएर आफ्नो वैधतालाई सुदृढ गर्ने राजाको रणनीति थियो । जनमत सङ्ग्रहको घोषणापछि पञ्चायती व्यवस्था सुदृढ हुँदै गयो, आन्दोलनकारी शक्तिहरू विभाजित हुनुका साथै राजाका बहुआयामिक उद्देश्य पूरा भएका थिए । यस प्रकारको अवस्थामा चौथो महाधिवेशनले आन्दोलनको पक्षमा आफूलाई उभ्याउँदै जनमत सङ्ग्रहलाई बहिष्कार गर्ने नीति अपनाउन पुगेको थियो । राजाका रणनीतिहरू सफल हुँदै जानु र आन्दोलनकारी शक्तिहरू विभाजित हुनुले आन्दोलनको उभार उठाउन सफलता प्राप्त भएन । आन्दोलनमा सहभागी हुनुका सट्टा जनमत सङ्ग्रहमा जनताको ध्यान केन्द्रित हुन थाल्यो । आन्दोलनको उभार ल्याएर राजतन्त्रको अन्त्य गर्ने उद्देश्यले जनमत सङ्ग्रहको बहिष्कार गर्ने नीति लिएकोमा त्यसो नहुने अवस्था सिर्जना भएपछि बहुदललाई समर्थन गरेर अगाडि बढ्नु नै कार्यनीतिको विकल्प थियो । अन्ततः वाध्यात्मक अवस्थामा बहुदललाई समर्थन गरेर जाने र जनमत सङ्ग्रहमा भाग लिने निर्णय भयो । आन्दोलनलाई सफल पार्न जनमत सङ्ग्रहको बहिष्कार गरिएकोमा अपेक्षाकृत त्यसको विकास नभएपछि विद्यमान

व्यवस्था भन्दा प्रगतिशील बहुदललाई समर्थन गर्ने कार्यनीति द्वन्द्वात्मक सिद्धान्तमाथि आधारित स्पष्ट नीति थियो । तर त्यो नीतिबाट सिद्धान्तमा दृढता देखिएपनि व्यवहारिक पक्ष कमजोर बन्न पुगेको थियो । बहिष्कारबाट आन्दोलनको स्थिति बलियो बनाउने सफलता त भएन नै, ढिलो गरी जनमत सङ्ग्रहमा भाग लिँदा बहुदल पक्षमा जनमत निर्माण हुन सक्ने जुन सम्भावना थियो, त्यो पनि प्रभावकारी बन्न सकेन । चौथो महाधिवेशनले जनमत सङ्ग्रहलाई कार्यनीतिक बनाउँदै देशको राजनीतिक आवश्यकताका आधारमा बहिष्कार वा उपयोगको नीति अपनाएको थियो । आन्दोलनको शक्ति र तात्कालिक राजनीतिक परिस्थिति बिचमा सन्तुलन गर्न त्यस प्रकारका दुबै नीति अवलम्बन गरिएका थिए ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, गङ्गाप्रसाद (सम्पा.) (सन् २०२२). *प्रज्ञा नेपाली बृहत् शब्दकोश*(प्रथम संस्करण). प्रज्ञा प्रतिष्ठान ।

केल्सन, ह्यान्स (सन् १९४९), *जनरल थ्योरी अफ् ल एण्ड् स्टेट्* (ए. वेडबर्ग. अनु.). हार्वर्ड युनिर्भसिटी प्रेस ।

नेपाल कम्युनिस्ट पार्टी (मसाल) (सन् २००२). *रातो तरबार.* नेपाल कम्युनिस्ट पार्टी (मसाल) केन्द्रीय कार्यालय ।

पन्त, नीलप्रसाद (सन् २०११). *राष्ट्रिय जनमत सङ्ग्रह वि.सं. २०३७ र नेपालको प्रजातान्त्रिक आन्दोलन* (अप्रकाशित पीएचडी शोधप्रबन्ध). त्रिभुवन विश्वविद्यालय इतिहास केन्द्रीय विभाग ।

पुरी, रामप्रकाश (सन् २०२२). *कम्युनिस्ट आन्दोलनमा मोहनविक्रम सिंह.* वीरगाथा पब्लिकेशन ।

पोखरेल, राजकुमार (सन् २००७) *अ जर्नी अफ् द कम्युनिस्ट्स् अफ् नेपाल : ट्वान्टी-थ्री इयर्स हिस्ट्री अफ् द सीपीएन्-यूएमल्.* मासलाइन् पब्लिकेशन ।

बराल, लोकराज (सन् १९८४). *नेपाल्स पोलिटिक्स अफ् अ रेफरेन्डम् : अ स्टडी अफ् ग्रुप्स, पर्सनालिटिज् एन्ड ट्रेन्डस्.* विकास पब्लिसिङ् हाउस् ।

बुढा, रामबहादुर (सन् २०१७). *चित्रबहादुर के.सी.को राजनीतिक जीवन र व्यक्तित्व.*पुस्कर सापकोटा ।

ब्राउन, टी. लुइस् (सन् २००३). *द च्यालेन्ज टु डेमोक्रेसी ईन् नेपाल : अ पोलिटिकल हिस्ट्री* (ई-बुक इडिशन). टेलर एण्ड् फ्रान्सिस् ई-लाइब्रेरी ।

मिल, जोहन स्टर्ट (सन् २००९). *कन्सिडेरेसन्स् अन् रिप्रेजेन्टिभ् गभर्नमेन्ट्.* फोलिटिङ प्रेस । (ओरिजिनल वर्क पब्लिस्ड सन् १८६१)

मिश्र,बालचन्द्र (सन् २००१). *झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म.*सुनौलो विहानी अभियान ।

रावल, भीम (सन् १९९०). *नेपालमा साम्यवादी आन्दोलन : उद्‌भव र विकास.* पैरवी प्रकाशन ।

रूसो, ज्याँ-ज्याक (सन् २०१९). *द सोसियल कन्ट्रयाक्ट् एण्ड् अदर् लेटर् पोलिटिकल् राइटिङ्ग्स्* (भ्लादमिर गौरेभिच, सम्पा./अनु.). क्याम्ब्रीज युनिभर्सिटी प्रेस । (ओरिजिनल वर्क पब्लिस्ड् १७६२)

लामा, निर्मल (सन् २००३). *निर्मल लामाका केही रचनाहरू* (निनु चापागाइईं, सम्पा.). क. निर्मल लामा सङ्कलित रचना तथा स्मारिका प्रकाशन समिति ।

सापकोटा, ढाकाराम (सन् २०२०). *नेपालमा कम्युनिस्ट पार्टीको विकासक्रम, सरकार र नेतृत्व.* शिखा बुक्स ।

सार्टरी, जियोभान्नी (सन् १९८७). *द थेयरी अफ् डेमोक्रेसी रिभिजिटेज.* चाथम हाउस पब्लिशर्स ।

सिंह, मोहनविक्रम (सन् १९९५). *उग्रवामपन्थी विचारधाराको खण्डन.* निरन्तर प्रकाशन ।

स्तालिन, जोसेफ विस्सारियोनिभिक (सन् २००७). *रणनीति र कार्यनीतिको सवालबारे*(दुर्योधन के.सी., अनु.).विविध पुस्तक भण्डार ।

हर्नबी, ए.एस. (सन् १९९६). *अक्सफोर्ड एडभान्स्ड लर्नरस् डिक्सनरी अफ करेन्ट इङ्ग्लिस* (पाँचौं संस्करण, जे.क्राउथर, सम्पा.). अक्सफोर्ड युनिभर्सिटी प्रेस ।